# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
४ नम्बर प्रदेश, नेपाल


## प्रेस विज्ञप्ति

मिति: २०७४।४।४

व्यास नगरपालिका अन्र्तगत रहेका इसाई धर्मावलम्बीहरुको समाधी स्थल सम्बन्धमा पछिल्लो समयमा विभिन्न संचार माध्यमबाट आएका समचारहरुप्रति यस नगरपालिकाको ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा विगत केही वर्ष अगाडिदेखि साविक व्यास नगरपालिका वडा नं.३ हाल व्यास नगरपालिका वडा नं.११ निर्वु स्थित इसाई धर्मावलम्बीहरुले आफूले खरिद गरी लिएको जग्गामा समाधी स्थल गराउन तयारी गरिरहेको र सो विषयलाई लिएर स्थानीयवासी र इसाई धर्मावलम्बीहरु बीच असमझदारी रहिरहेको सन्दर्भमा यस नगरपालिकाको रोहवरमा विवादित पक्षहरु बीच आपसी छलफल भई समस्या समाधानको लागि सर्वपक्षीय कार्यदल गठन गरी सो कार्यदलले गरेको अध्ययन, अनुसन्धानबाट तयार भएको प्रतिवेदन अनुसार यस अगाडि इसाई धर्मावलम्बीहरुले खरिद गरेको जग्गा समाधी स्थलको लागि सबै दृष्टिले अनुपयुक्त देखिन आएकोले सोही समितिले स्थानीयस्तर र इसाई धर्मावलम्बीहरु बीच छलफल गराई, इसाई धर्मावलम्बीहरुको नाउंमा रहेको निर्वु स्थितको जग्गा बराह क्षेत्र मन्दिर संरक्षण समितिलाई आय आर्जन हुने कार्यमा उपभोग गर्न दिने र सोको सट्टामा सोही वडा स्थित मानव वस्तीबाट अलि टाढा हाल गुरुङ जातिहरुको समाधी स्थल नजिक रहेको सार्वजनिक स्थानमा इसाई धर्मावलम्बीहरुको समाधी स्थल बनाउन दिने गरी आपसी समझदारी भए अनुसार हाल इसाई धर्मावलम्बीहरुले आफ्ना मृतक सदस्यको मृत शरिर सत्गत् गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

.....................
मेघनाथ आचार्य
प्रवक्ता

मेघ नाथ आचार्य
लेखा अधिकृत/प्रवक्ता



phone no. 065-560162/560163, Fax No.: 977-65-560233 Email:vyasmunicipality@gmail.com Web : www.vyasmun.gov.np